# कालिगण्डकी गाउँपालिका
KALIGANDAKI RURAL MUNICIPALITY
## गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
पुर्तिघाट, गुल्मी (Purtighat, Gulmi)


पत्र सङ्ख्या / Ref.No.:०८२/०८३
चलानी नं./Dis.No.:

लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

दोश्रो पटक प्रकाशित मितिः- २०८२/०८/०३

## कवाडी ठेक्का सम्बन्धी सूचना

प्रस्तुत विषयमा कालिगण्डकी गाउँपालिकाको आर्थिक ऐन बमोजिम यस गाउँपालिकाले आर्थिक बर्ष २०८२/०८३ को लागि कालिगण्डकी गाउँपालिका अन्तरगतका ७ वटै वडामा कवाडी मालवस्तु (खाली शिशी, बोटल, कार्टुन, डफ्की, ढड्डा लगायत अन्य) मा निकासी कर उठाउने कार्यको ठेक्का प्रकृयाद्धारा बन्दोवस्त गर्नुपर्ने भएकोले तपसिलका शर्तको अधिनमा रही रितपूर्वक सिलवन्दी दरभाउपत्र पेश गर्न इच्छुक फर्म वा संस्थाका लागि यो सूचना आहान गरिन्छ ।

| आय ठेक्का नं. | ठेक्काको किसिम | बोलकवोलको न्यूनतम अंक रु. (मु.अ.क.बाहेक) | बोलपत्र फारम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|
| ७ /२०८२-०८३ | कवाडी कर | ८८,४९६।-(अठासी हजार चार सय छयानब्बे रुपैयाँ मात्र) | १०००।- (फिर्ता नहुने) | |

*शर्तहरु*

१. ठेक्का अवधि सम्झौता भएको मिति देखि वि.सं. २०८३ साल असार मसान्त सम्म रहनेछ ।

२. बोलकबोलको न्यूनतम अंक मूल्य अभिवृद्धि कर बाहेक रु. ८८,४९६।-(अठासी हजार चार सय छयानब्बे रुपैयाँ मात्र) सय बयानब्बे रुपैयाँ मात्र) रहनेछ । ठेक्काको कबोल अंकको थप मूल्य अभिवृद्धिकर वापतको १३ प्रतिशत रकम ठेक्का लिने फर्म वा संस्थाले नै जम्मा गर्नुपर्नेछ ।

३. ठेक्काको दरभाउ पत्र दस्तुर रु. १०००।- (एक हजार) फिर्ता नहुने गरी भुक्तानी पश्चात यो सूचना प्रकाशित मितिले १५ (पन्धौं) दिन सम्म कार्यालय समयभित्र यस कार्यालयबाट खरिद गरी १६ औं दनि को १२.०० बजे सम्म यस कार्यालयमा दर्ता गर्न सकिनेछ र सोही दिनको २.०० बजे दरभाउ पत्र खोलिनेछ ।सो दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट सोही बमोजिम हुनेछ । प्रतिनिधी उपस्थित नभएपनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

४. न्यूनतम ठेक्का अंक भन्दा घटी कबोल गरेको, म्याद नाघेको, रित नपुगेको, कुनै शर्त राखि पेश भएको दरभाउ उपर कुनै कारवाही हुने छैन ।

५. दरभाउ पत्र सहित आ.व. २०८१/०८२ को फर्म वा संस्थाको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी, पान नं. प्रमाणपत्रको प्रतिलिपी, मू.अ.क. दर्ता प्रमाणपत्रको प्रतिलिपी, फर्म/संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपी (नविकरण सहितको) साथै कबोल गरेको अंकको ५ प्रतिशतका दरले हुने धरौटी रकम यस कार्यालयको नाममा कुमारी बैंक लिमिटेडमा रहेको धरौटी खाता नं. ०८६००३५७७३७००००५ मा जम्मा गरेको सक्कल भौचर बुझाउनुपर्नेछ ।

६. ठेक्का स्वीकृत पश्चात दरभाउपत्रदाताले ठेक्का सम्झौता गर्दा प्रथम किस्ता कबोल अंकको ५० प्रतिशतले हुन आउने रकम बैंक दाखीला गरी सोको भौचर यस कार्यालयमा जम्मा गरी बाँकी ५० प्रतिशत रकम बरावरको ठेक्का अवधिसम्मको बैंक जमानत (कार्यसम्पादन जमानत) पेश गरी सकेपछि मात्र सम्झौता गरिनेछ । दोश्रो किस्ता बाँकी रकमको ५० प्रतिशत २०८२ चैत्र मसान्तसम्ममा जम्मा गरिसक्नुपर्नेछ ।

७. दरभाउपत्र दाताले खाम बाहिर पट्टी ठेक्का नम्बर, ठेक्काको विवरण र नाम स्पष्ट बुझिने गरी लेख्नु पर्नेछ । कवोल रकम अंक र अक्षरमा स्पष्ट गरी तोकिएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

८. ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा निहीत रहनेछ ।

९. यस गाउँपालिकामा कुनै पनि प्रकारको दायित्व भुक्तान गर्न बाँकी फर्मको बोलपत्र स्वीकृत गरिने छैन ।

१०. ठेक्का स्वीकृत भई सम्झौता पछि सम्झौता अनुसार काम नगरेमा कार्य अवधिको बिचैमा पनि गाउँपालिकाको तर्फबाट ठेक्का सम्झौता खारेज गर्ने अधिकार समेत गाउँपालिकामा रहनेछ ।

२०८२/०८/०३
कृष्ण प्रसाद मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

कृष्ण प्रसाद मरासिनी
प्रमुख प्रशासकीय अधिकृत